नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सानोठिमी, भक्तपुर

## झुरा कागजात लिलाम बिक्रीसम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना नं २०८२/८३-०१

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१०/२३

यस कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको माध्यमिक शिक्षा परीक्षा, २०८१ (ग्रेडवृद्धिसमेत) मा प्रयोग भएका उत्तरपुस्तिकाहरू (मूल र थप) र छपाइ भएका अन्य कागजातहरू समेत जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरी गोप्य तवरबाट धुल्याउनुपर्ने समेत भएकाले यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयमा बोलपत्र खरिद गरी २२ औं दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा बोलपत्रसाथ कबोल अङ्कको दश प्रतिशतले हुने रकम बराबरको नब्बे दिन मान्य अवधी भएको बैङ्क जमानत वा यस कार्यालयको नेपाल बैङ्क लि., कमलविनायक भक्तपुरस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१(कार्यालय कोड नं. ३५०३१३३०१) मा रकम जम्मा गरेको सक्कलै बैङ्क भौचर र बोलपत्र फाराममा उल्लिखित अन्य कागजातहरू संलग्न राखी दर्ता गराउनु हुन इच्छुक आफ्नै रिसाइक्लिङ मेसिन **(Recycling Plant)** भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको वेबसाइट **see.gov.np** मा हेर्नुहुन र थप जानकारीका लागि यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

लिलाम बिक्री हुने झुरा कागजात(पुराना उत्तरपुस्तिका र अन्य कागजहरू)को न्यूनतम मूल्य रु.४६२३०४६।- (अक्षेररुपी छयालिस लाख तेइस हजार छयालिस रूपैंया मात्र) रहेको छ ।

**राष्ट्रिय परीक्षा बोर्ड**
**परीक्षा नियन्त्रण कार्यालय कक्षा १०**
**सानोठिमी, भक्तपुर**

# झुरा कागजात लिलाम बिक्रीसम्बन्धी बोलपत्र आह्वानको सूचना

**सूचना नं. २०८२/८३–०१**
**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२३**

यस कार्यालयमा मौज्दात रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको माध्यमिक शिक्षा परीक्षा, २०८१ (ग्रेडवृद्धिसमेत) मा प्रयोग भएका उत्तरपुस्तिकाहरू (मूल र थप) र छपाइ भएका अन्य कागजातहरू समेत जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरी गोप्य तवरबाट धुल्याउनु पर्ने समेत भएकाले इच्छुक आफ्नै रिसाइक्लिङ मेसिन (Recycling Plant) भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र सम्बन्धी कागजात खरिद गरी पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरूले यस परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्रसम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्ने छन् ।

२. इच्छुक बोलपत्रदाताले २०८२/११/१४ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रू २०००।-(अक्षररूपी दुई हजार रूपैयाँ) बोलपत्र दस्तुर तिरी बोलपत्र सम्बन्धी कागजात खरिद गर्नुपर्ने छ ।

३. खरिद गरिएको बोलपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले २२ औं दिनमा दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू २२ औं दिनमा दिनको १:०० उपस्थित भएका बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम बिक्री हुने झुरा कागजातहरू हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नुपर्ने छ। उपरोक्त कागजातहरू हेर्न चाहने इच्छुक सबै बोलपत्रदाताहरूलाई कार्यालयले तोकेको मिति, समय र स्थानमा एकैपटक देखाइने छ।

६. बोलपत्रदाताले बोलपत्रसाथ तपसिलबमोजिमका कागजातहरू अनिवार्य पेस गर्नुपर्ने छ ।

तपसिलः

क) फर्म/कम्पनी दर्ताको प्रमाणपत्र/व्यवसाय दर्ताको इजाजतपत्रको प्रमाणित प्रतिलिपि(चालु आ.व.को लागि नवीकरण समेत भएको),

ख) मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग) आ.व. २०८१/८२ को कर चुक्ता गरेको प्रमाणपत्र,

घ) बोलपत्रदाताहरूको आफ्नै रिसाइक्लिङ मेसिन (Recycling Plant) भएको खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

ङ) जमानत बापत आफूले कबोल गरेको दररेटअनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैङ्क लि., कमलविनायक भक्तपुर शाखामा रहेको धरौटी खाता नं. ०१९०१०००००२००३००००००१ (कार्यालय कोड नं. ३५०३१३३०१) मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विडवण्ड)को सक्कलै प्रति ।

७. बोलपत्रदाताले BOQ मा उल्लिखित ३(तीन) ओटै आइटमहरूमा अनिवार्य दररेट उल्लेख गर्नुपर्ने छ । यदि कुनै आइटममा दररेट उल्लेख नगरेको/नभएको पाइएमा उक्त बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

८. बोलपत्रदाताले आफ्नोतर्फबाट बोलपत्र प्रयोजनका लागि कुनै आधिकारीक प्रतिनिधि नियुक्त गरेको भए त्यसको विवरण र कागजातसमेत संलग्न राखी पेस गर्नुपर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिने छ ।

१०. बोलपत्रदाताले सशर्त बोलपत्र पेस गर्न सक्ने छैन ।

११. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिने छ ।

१२. यसमा उल्लेख भएका बाहेकका अन्य विषयको हकमा प्रचलित कानुनबमोजिम हुने छ ।